# ५ प्रतिकूल परिस्थितिको शीकार हुन अश्विकार
# अविगेल

*यस अध्यायको निम्ति पढ्नुहोस्:* १ सामूयल २५, यशैया २८:२३, ५३:१२, दानियल ९:१५-१९, मत्ती १५:१०, रोमी ८:३४।

*स्मरण गर्नुपर्ने पद:* "कुन कुरो ठिक छ सो जान्ने मानिसका हृदयहरूमा बुद्धीले आश्रय पाउँछ। मूर्खहरूको माझमा समेत बुद्धीले आफूलाई प्रकट गराउँछ।" (हितोपदेश १४:३३)।

तपाईंले नियन्त्रण गर्न नसकेको घट्ना वा परिस्थितिले गर्दा त्यसको शीकार हुनु परेको आभास तपाईंले कहिलै पाउनुभएको छ? तपाईंको जन्म कतै वा कसैको घरमा भएको भए कस्तो असल हुने थियो भनेर कहिलै इच्छा गर्नुभएको छ? अर्थात् तपाईं अरू कुनै मानिस भएको भए कस्तो हुन्थ्यो भनेर चाहाना गर्नुभएको छ? यदि छ भने यस अध्यायमा उल्लेखित चरित्रमा तपाईंको गहिरो चासो राख्नुहुनेछः त्यो हो, अवीगेल।

अबीगेल फुर्तिली र सुन्दरी स्त्री थिई। तर, दुःखपूर्ण कुरो त यो थियो, उनले नाबाल नाम गरेको अत्यन्त स्वार्थी, जिद्दीवाल, रिसाहा र छुच्चो मानिससँग बिवाह गरेकी थिइन्। नाबाल कालिब वंशवाट आएका थिए। कालिब इस्रायलको इतिहासमा परमेश्वरको निम्ति एक कर्मठ योद्धा थिए। बंश त कालिबबाट भयो, नाबालमा उनको कुनै गुण थिएन। नाबाल अत्यन्त धनी जमिन्दार थियो होला। तर उसको नाउँको अर्थ वा भित्र भित्र काट्ने नामको अर्थ "मूर्ख" थियो।

तत्कालिन अवीगेल र नाबालको समाजमा आमाबाबुले नै कसले कसलाई विवाह गर्नुपर्छ भनेर निधो गर्थे। यसैले गर्दा नाबालसँग अवीगेलको विवाह हुनुको विकल्प अरू थिएन। यस्तो खालको वैवाहिक गठवन्धनले उनको जीवन कष्टकर बनेको थियो। जीउनु उनको निम्ति तुच्छ भएको थियो। अविगेलको निम्ति घरायसी जीवन आतङ्कपूर्ण थियो। यद्यपि, अवीगेलको जीवनबाट हामी यो सिक्न सक्छौंः हामी परिस्थितिको दास वा शीकार हुनु आवश्यक छैन।

आफू जस्तो सुकै प्रतिकूल वातावरणमा रहेपनि त्यसबाट भाग्न उनी तत्पर भइनन्। आफ्नो जीवन कस्तो थियो भन्ने कुरा उनले

लुकायकी थिइनन् (१ सामूयल २५:२५)। तैपनि दुष्ट तथा मूर्ख पतीसँग रहेर आफ्नो जीवनलाई नाश गर्न उनले चाहेनन्। आमाबाबुले जुन विरुवा उनको हृदयमा रोपेका थिए, त्यसलाई हुर्काउन र सम्हाल्ने उनले निर्णय गरेकी थिइन्।

## १. कोहि व्यक्ति जसले स्वर सुन्दछ (यशैया २८:२३)

कुरौटे हुन प्रायजसो कोहि पनि पछि पर्न चाहन्दैनन्। तर कुरौटे भन्दा अरूको कुरा सुन्ने खुबीलाई सम्हाल्न सके यस संसार कस्तो हुने थियो होला? धेरै यस्ता कार्यशाला गोष्ठीहरू हुन्छन् जहाँ अरूलाई कसरी सुन्ने भनेर सिकाइन्छ। जीवनको सेरोफेरोमा धेरै कुराहरू भइरहेका हुन्छन्। यसले गर्दा अरूको कुरो सुन्नु झन महत्वपूर्ण भएको हुन्छ।

यशैया २८:२३मा भनिइएको छः "सुन र मेरो स्वर सुन, ध्यान देऊ र मैले भनेको कुरा सुन।" यहि सन्दर्भमा मत्ती १५:१० र याकूब १:१९ पढ्नुहोस्। ती पदहरूका मर्म के हुन्? र किन?

राजा सावलले पिछा गर्दा दाउद र उनका मानिसहरू भुमीगत भएका थिए। तिनीहरू पारान जङ्गलमा लुकेर बसेका थिए। त्यस जङ्गलको छेउछाउमा नाबाल नाम गरेका धनी जमिन्दारको जमिन थियो जहाँ उसका गोठालाहरू र वस्तुहरू रहन्थे। त्यसबेला शत्रुहरूले ती गोठालाहरूलाई हमला गरेर वस्तुहरू खोसेर लग्थे। भुमीगत अवस्थामा रहेका दाउद र उनका मानिसहरूले पनि नाबालका वस्तुहरू लुट्न सक्थे। तर तिनीहरूले त्यसो गरेनन्, बरू तिनीहरूले नाबालका वस्तु र गोठालाहरूलाई सुरक्षा दिए। अनि ऊन काट्ने समय भएको थियो। यो समय चाढको रूपमा मनाइन्थ्यो। यो समय धन्यबाद भन्दै एक आपसमा उपहारहरू आदाप्रदान गर्थे। त्यहि अवसरमा दाउदले आफ्ना दस जना मानिसहरू नाबालकहाँ खानेकुरा लिन पठाएका थिए।

नाबालको दाउदप्रति धारणा कस्तो थियो? नाबालको जवाफले दाउद किन रिसाएको थियो? पढ्नुहोस्: १ सामूयल २५:१-११।

नाबालले आफ्नो असली नाउँ त्यसबेला प्रकट गर्दछ। दाउदका मानिसहरू भगुवा दास भन्दै तिनीहरूलाई रित्तो हात पठाएर नाबालले मूर्ख्याईं काम गरेका थिए। दाउद को हो र, उसलाई पोस्ने भनेर नाबालले दाउदलाई तुच्छ ठानेर हेपे। उसको मनमा दाउदलाई मान्नु

पर्ने कुनै कारण थिएन, र उसलाई सहायता गर्न उनी वाध्य थिएन। दाउदलाई मार्न तम्सिएका राजा सावललाई मार्ने मौका भएको बेलामा उनले ठूलो आत्मसंयम अपनाएका थिए। तर दाउद हामी जस्तै त हो नी। जब नाबालले हेपेर उनलाई तुच्छ ठान्छ र उनी कोहि पनि होइन र बेकारमा किन सहायता गर्ने भनेर हकारेको सुन्छ तव उनको चित्त एकदम दुःख्छ। गोठाला र वस्तुहरूलाई सुरक्षा दिएर नाबालले दया देखाएका थिए, तर त्यसको फल उनले वेइज्जती सहनु पर्‍यो।

तर एउटा कुरो स्पष्ट छ, नाबाल कोसँग कारोबार गरिरहेको छ र उनलाई थाहा थिएन। दाउदको बारेमा कतिपय तथ्यहरू उसलाई थाहा थिएन। दाउदको बाबु को थियो भनेर उनलाई थाहा थियो, र साथै राजा सावलबाट भागेर भूमिगत भएका थिए भन्ने कुरो थाहा थियो। तर नाबाल यस्तो महास्वार्थी र अन्धा थिए कि उनका सेवकहरूले भनेका कुरा सुन्न उनले अश्विकार गरेका थिए। नाबालका सेवकहरू दाउदका मानिसहरूका नजिक भएका थिए। दाउद र उनका सैनिकहरूसँग मुकाविला गर्नु उचित छैन भन्ने कुरो नाबालका सेवकहरूलाई थाहा थियो। आफ्ना मालिक “यस्तो दुष्ट छन् कि, कसैले पनि उनीसँग कुरो गर्न सक्दैनन्" भनेर सेवकहरूले महशूस गरेका थिए (१ सामूयल २५:१७)। त्यसकारण तिनीहरू त्यस व्यक्ति तिर फर्के जसले तिनीहरूलाई सुन्ने खुबी थियोः त्यो थियो अबीगेल।

कतिपय मानिसहरूले तपाईंलाई गुनासो पोखाउँछन् होला। त्यसलाई ध्यानपूर्वक नसुन्दा तपाईं र अरूको निम्ति तकलिफ निम्त्याइएको हुन्छ। त्यस्तो अनुभव कहिलै भएको छ? त्यस भुलबाट तपाईं कसरी सिक्न सक्नुहुन्छ?

## २. भाषण भन्दा कामको स्वर ठूलो हुन्छ (१ सामूयल २५)

१ सामूयल २५ पढ्नुहोस्। यस बृतान्तको सार कै हो? यसबाट हामीले के पाठ सिक्न सक्छौं? यसमा अझ कतिपय कुराहरूका जवाफ नहोला, यसको बारेमा तपाईं के भन्नुहुन्छ?

आफ्ना पति नाबालले दाउदका मानिसहरूलाई गरेको दुर्व्यवहारले गर्दा दाउद रिसाएर प्रतिशोधको भावना लिएर आउँदैछ भनेर आफ्ना सेवकहरूबाट सुन्दा अबीगेलको मनमा भुईचालो जान्छ। उनले तुरन्तै केहि न केहि गर्नुपर्‍यो भनेर सोच्छिन्। आफ्ना सेवकहरूका कुरा सुनेर

बिलाप गरिनन्, तर कसरी अप्रिय घट्नालाई पन्छाउने भनेर अघि सरिन्। उनले कुरामात्र सुनिनन्, तर समस्याको समाधानमा पनि तल्लिन भइन्। १ सामूयल २५:१८,१९मा उनले जोरेका सामानहरूको शूची दिएका छन्: किसमिस, अन्जिर, भेँडाका मासु, भुटेका गेडागुडी, रोटी र दाखमद्द। यी सामानहरू यती प्रसस्त थिए कि दाउदका मानिसहरूले अपेक्षा गरेका भन्दा धेरै थिए।

ती सामनहरू लिएर दाउदको छेऊमा जान्दा के भयो कुरालाई १ सामूयल २५ले उल्लेखित चालचलनको देखाउँछ। यस बृतान्तका लेखकले त्यस घट्नाको दृष्यलाई बिस्तारै सार्दै तनावको वातावरणमा पुऱ्याउँछन्। जब अवीगेल र दाउदको भेट भयो, एकछिन त सन्नाता छाउँछ, अनि त्यसबेला जे हुन्छ त्यो सुन्न हाम्रो सास थामेर सुन्न चाहन्छौं। दाउद भविष्यका राजा र अबीगेल दुष्ट नाबालको श्रीमतीको जम्का भेट हुदा कुन रूपमा बुद्धीमतापूर्वक उनले दाउदको सामना गरिन् त्यसले एक नारीको महानताको प्रदर्शन गर्दछ।

किनभने जब दाउदले नाबालको प्रतिक्रिया सुन्छ त उनी रीसले चुर भएकी थिइ, र प्रार्थना नगरिकनै र नसोचिकनै उनले आफ्ना भुमिगत भएका मानिसहरूलाई साथमा लिएर नाबालको शेखी झार्न निस्केका थिए। दाउदले आफ्ना दुई-तिहाइ मानिसहरू लिएर नाबालसँग मुकाविला गर्न हिँडेका थिए। यसले दाउदमा नाबालप्रति कस्तो रीस थिए भनेर देखाउँदछ।

जब हामी रिसाउँछौं, त्यसबेला सोच्न पनि गाऱ्हो पर्छ र के उचित काम छ सो गर्न पनि नसक्ने हुन्छ। रीसको झोंकमा हामी यस्ता वचनहरू बोल्छौं र कामहरू गर्छौं जो हामीले चाहेको थिएन र पछि आफ्नो कदमप्रति पछुताउ पनि गर्छौं। अबिगेलले केवल कोशेलीहरूमात्र पठाएर अब के हुन्छ भनेर तमाशा हेरिनन्, उनी आफै गधामा चढेर दाउदलाई भेट्न जान्छिन्। अबीगेलको बिवाह एक निष्ठुर र जिद्दिवाल मानिससँग भएको थियो। तर उनको नारी आत्मालाई नाबाललाई दबाउन दिएकी थिइनन्। आफ्नो नारी मूल्यप्रति उनको अत्यन्त गौरव थियो। आफ्ना घरपरिवारलाई जोगाउन आफ्नै जीवनपनि दिन तयार भएकी थिइन्। जब अबीगेलको दाउदसँग भेट हुन्छ, युवा दाउदलाई राझसी रूप भएको गोलायथसँग जम्का भेट भएको याद आउँछ। त्यसबेला गोलियाथलाई परमेश्वरको नाउँमा घुँयत्रो हानेर

लडाएका थिए। तर अहिले चाहिँ एक अवला नारी आफ्ना केहि नोकरचाकर र खाने कोशेली सहित गधाहरूमा चढेर आएकी थिइन्। उनले हतियारले सुसज्जित रीसले आगो भएका ४०० जना मानिसहरूको सामना गर्न गइरहेकी थिइन्।

जङ्गलको छेऊमा अबीगेलले दाउदलाई अनुनय बिन्ती चढाइरहेको बेलामा मूर्ख नाबाल आफ्नै स्वार्थमा नै व्यस्त थियो। आफ्नी साहशी श्रीमती रीसाहा मानिसहरूको सामना गर्न गइरहेको बेलामा उ घरमा भोजभतेर गरेर रक्सीले मात्तिएर बसेको थियो। उसलाई आफ्नी श्रीमतीको केहि पिर थिएन।

मानिसले र परमेश्वरले हाम्रो प्रवचन, भाषण वा कुरालाई होइन तर कामलाई मूल्याङ्कन गर्छ त्यसकारण हाम्रो काम कत्तिको महत्व छ भनेर देहायका पदहरूले देखाउँछन्? मत्ती ७:२१, २५:३१-४६ र याकूब २:१४-१७ पढ्नुहोस्।

ठूला ठूला कुराहरू पनि सस्तो हुनसक्छन्। तर हाम्रो कामले हाम्रो कुराको मूल्याङ्कन गर्दछ। हाम्रो कुरा सहि छ वा छैन भनेर हामीले नै हाम्रो कुरालाई कार्यान्वन गरेकोमा भर पर्छ। अबीगेल, दाउद र नाबालका कामहरूले तिनीहरूले के सोचेका थिए र तिनीहरू कस्तो आत्माले अभिप्रेरित भएका थिए भनेर देखाउँदछन्।

तपाईंको कामले तपाईंको मूल्याङ्कन कसैले गर्छ भने उनीहरूले तपाईंको मुल्याङ्कन कसरी गर्छन् होला? र किन? तपाईंको जवाफले तपाईंको बारेमा के भन्छ?

## ३. कुरा गर्ने समय (१ सामूयल २५:२३-३१)

पहाडको खोँचमा दाउदका सैनिकसँग अबीगेलको भेट हुन्छ। दाउदलाई राजा जस्तो ठानेर अबीगेलले उनको अविभादन गर्दछिन्। त्यस ताका अबीगेलले दाउदसँग मार्मिक रूपमा आफ्ना भावनाहरू व्यक्त गर्छिन्। उनले व्यक्त गरेका कुराहरू ध्यानदिएर १ सामूयल २५:२३-३१ पढ्नुहोस्। त्यहि अध्यायको पद १० र ११मा उल्लेखित नाबालका अपशव्दहरूभन्दा अबीगेलका वचनहरू कतिको फरक छन्? उनीहरूले बोलेकै आधारमा तिनीहरूको व्यक्तित्वलाई कसरी छुटयाउन सकिन्छ?

“मेरो स्वामी" भनेर अबीगेलले दाउदलाई सम्वोधन गर्छिन्। परमेश्वरले चुन्नुभएको राजाले जस्तो दाउदले अरूप्रति व्यवहार गर्नु पर्छ तर डाँकुहरूका सरदारले जस्तो होइन भनेर यस्तो सम्वोधनले दाउदलाई सम्झना गराउन सक्छ। प्रतिकूल वातावरणमा रहनुपरेतापनि अबीगेलले आफ्नो व्यक्तित्वको मूल्य बिर्सेकी थिइनन्। यसले गर्दा उनले दाउदमा भएको श्रेष्ठ गुणलाई निकाल्न सकेकि थिइन्। यसको फलस्वरूप दाउदलाई आदर्श रूपमा व्यवहार गर्न सजिलो भयो। दाउदमा भएको असल गुणलाई उनले विश्वास गर्थीन्। यहि गुणलाई औँल्याएर दाउदले अरूको हित चिताउन प्रोत्साहन मिल्यो र अरूलाई सम्मान गर्ने मनस्थिति बनाउन सजिलो भयो।

जब अबीगेलले दाउदलाई भेट्छिन्, उनको मूखबाट प्रथम शव्दहरू निस्किए? उनको शव्दहरूले तपाईंलाई के को सम्झना गराउँछ? देहायका पदहरू पनि पढ्नुहोस्: प्रस्थान ३२:३२, एस्थर ७:२-४, यशैया ५३:१२, दानियल ९:१५-१९ र रोमी ८:३४।

अरूको निम्ति मानिसले धेरै किसिमले अनुनय विन्ती गर्न सक्छन्। तर कुनै पनि सहजकर्ताले अरूको निम्ति बोल्दा एउटा साझा कुरा हुन्छ: जसको निम्ति विन्ति गरिएको हो त्यससंग सहजकर्ता नजिक भएको हुनुपर्दछ। कसैको निम्ति पहल गर्दा त्यसले आफूलाई फायदा हुन पनि सक्छ वा नहुन पनि सक्छ, त्यसको पर्वाह उसले राख्दैन। अरूको हितको निम्ति बोल्दा आफ्नो व्यक्तिगत इच्छालाई पन्छाउन राजी हुनुपर्दछ। अबीगेलले दाउदसँग मिलेर नाबाललाई हटाएर आफ्नो स्वतन्त्रता कायम गर्न सक्थी। तर जतिसुकै निष्ठुर पति भएपनि उनले आफ्नो पतिव्रतालाई आँच आउन दिइन् र उसप्रति प्रतिवद्धता व्यक्त गरिन्। आफ्नो पति जीउन अयोग्य भएपनि उसको सुरक्षाको निम्ति दाउदसँग अबीगेलले याचना गरिन्।

प्रार्थनाद्वारा अरूको निम्ति मध्यस्थता गर्नु अति उत्तम कार्य हो। हामीले त्यस्ता व्यक्तिहरूको निम्ति प्रार्थना गर्छौं जो आफूले प्रार्थना गर्न सक्दैनन् वा चाहन्दैनन्। यस्ता मानिसहरूको निम्ति हामी परमेश्वरसँग कुरा गर्छौं, हाम्रै निम्तिमात्र होइन। जब हामी अरूको हितको निम्ति प्रार्थना गर्छौं तब हाम्रा इच्छा, चाहना र आकाङ्क्षाहरूलाई एकतिर पन्छाउँछौं। हाम्रो प्रार्थनाले सैतानको क्षेत्रमा परमेश्वर हात हाल्न बहाना मिल्दछ। जब हामी अरूको निम्ति प्रार्थना गर्छौं तब हामीले

परमेश्वरको दया, करुणालाई पहिल्याउन सक्छौं। हामीलाई श्राप दिनेलाई कसरी आशिष दिने सो सिक्छौं र हामीलाई दुर्व्यवहार गर्नेको निम्ति प्रार्थना गर्दा हाम्रो हृदय दयाले भर्न सक्छ (लूका ६:२८)।

तपाईंले आफूलाई सम्हाल्न नसकेको बेलामा कसैले तपाईंको निम्ति प्रार्थना गरेको छ? त्यस परिस्थितिलाई ध्यानमा राख्दा हाम्रो निम्ति येशूले सहजकर्ताको रूपमा काम गरिरहनुभएको कुरामा के तपाईं आभारित हुनुभएको छ?

## ४. अबीगेलले के गर्दिन (१ सामूयल २५:२५,२६)

दुर्व्यवहार गर्नेदेखि डराउनु पर्ने स्वाभाविकै हो। कतिपय समयमा आफूलाई दुर्व्यवहार गरेपनि त्यसलाई रक्षा गर्न खोज्छन्। दुर्व्यवहार गर्नेलाई खुशी पार्न देखावटी रूपमा वा झुटा कुरा गरेर भएपनि बचाउन खोज्छन्।

१ सामूयल २५:२५ पढ्नुहोस्। अबीगेलले आफ्नो श्रीमानको दोष वा कमजोरलाई उदाङ्ग कसरी पारेको छ भनेर ती पदहरूले बताउँदछन्? आफ्नो श्रीमान निष्ठुर भएपनि उसको ज्यानको निम्ति याचना गर्दा अबीगेलले आफ्नो पतिव्रतताको उत्कृष्ठ उदाहरण कसरी देखाएकी छिन्? उनको यस सऱ्हानिय गुणलाई तपाईंले के भन्नुहुन्छ? यदि कसैले तपाईंको निम्ति अहिले नै विन्ति गरिरहेको छ भने उसले तपाईंको बारेमा के भन्दै होला?

आफ्नो घर परिवारलाई वचाउन अबीगेल आफ्नै ज्यानलाई जोखिममा पार्न तयार भएकी थिइन्। उनले चालेका कदममा इमान्दारी र बफादारीता देखिन्थ्यो। नाबालको बारेमा उनले कुरा बनाउँदिनन्। उनलाई थाहा थियो कि नाबालको समस्या लुकाएर लुक्दैन र समस्याको जड आफू नै थियो। आफ्नो हितैषीको अगाडि नाबालको कुरा गर्न डराउँदिनथी।

कतिपय समयमा जब घरमा झगडा हुन्छ वा घरका परिवारका सदस्यले दुर्व्यवहार खप्नु पर्दा आफ्नै कारणले नै दुःख पाएको हो कि भनेर कतिले सन्ताप गरेको पाउँछौं। अबीगेलले यस्तो मनस्थिति देखाउँदिनन्। उनले आफूले आफूलाई कस्तरी राम्रोसँग चिनेकी छु भनेर देखाउँछिन् र आफ्नो मूल्य मान्यतालाई राम्रैरी मूल्याङ्कन गरेकी हुन्छिन्। आफ्नो योग्यतालाई परमेश्वरको कामसँग जोड्दछिन्।

दाउदलाई रोक्न र आफूले ल्याएको कोशेलीको निम्ति आफूले चालेको कदमको श्रेय परमेश्वरलाई नै दिन्छिन्। दाउदको मन परिवर्तन गर्न परमेश्वरले उनलाई उपयोग गर्नुभएको हो भनी स्विकार गर्छिन्। अबीगेलले आफू को हो भनेर जानेकै कारणले दाउदलाई पनि आफ्नो उत्तम गुण प्रदर्शन गर्न प्रोत्साहन गर्छिन्। परमेश्वरका युद्धहरू लड्न दाउद नै हुन् भनेर अवीगेलले उनलाई सम्झाउँछिन्। सानोतिनो व्यक्तिगत रिसइबीमा फसेर आफ्नो शक्तिलाई खेर नफाल्न अनुरोध गर्छिन्। "तपाईं जीउँञञ्जेल गलत काम नगर्नुहोस्" भनेर दिएको सरसल्लाह (१ सामूयल २५:२८) दाउदको निम्ति चेतावनी हो। भविष्यमा इस्रायलको राजा हुने व्यक्तिले आफूलाई अनादरको भुमरीमा नपारोस् भन्ने उहाँको चाहना थियो।

यदि आफ्नो जीवन परमेश्वरमा बलियोसँग बाँधीएको छ भने आफ्नो इज्जत बचाउन दाउद आफै लड्नुपर्दैन, उनको इज्जतको निम्ति परमेश्वर नै लड्नुहुनेछ भनेर अबीगेलले उनलाई सम्झाउछिन्।

यो पनि थाहा पाउनुहोस्, अबीगेलको समयमा श्रीमानलाई छोड्ने वा अलगै बस्ने अधिकार आइमाईमा थिएन। साँसारिक दृष्टिकोणले उनी आफ्नो जीवनभरी आफ्नो श्रीमानकै थिइन्। यसको मतलब उनले आफूलाई निकम्मा ठानेकी थिइनन्। आफू अनन्तको कैदखानामा बस्नुपर्छ भन्ने कुरामा पनि विश्वास गरेकी थिइनन्। उनलाई थाहा थियो, परमेश्वरले आफ्नै समयमा श्रीमानको न्याय गर्नुहुनेछ।

जब हामीले परमेश्वरमा समर्पण गऱ्यौं भने उहाँले हामीलाई बुद्धीज्ञान कुनै पनि परस्थितिमा दिनुहुन्छ भन्ने कुरा अबीगेलको सम्वोधनबाट थाहा पाइन्छ। बुद्धि भनेको कुरा केवल तर्कको कुरामात्र होइन। बरू बुद्धिले हामी कसरी जीउनुपर्छ भनेर सिकाउँछ र हाम्रा वरिपरि रहेका मानिसहरूसँग कसरी व्यवहार गर्नुपर्छ भनेर सहि बाटो देखाउँछ।

आफ्नो जीवन परमेश्वरमा पूर्ण रूपमा समर्पण गर्नु भनेको अर्थ के हो? यो तपाईंले कसरी गर्ने? कसैले तपाईंलाई यो सोधे रे, "मैले सम्पूर्ण जीवन परमेश्वरमा दिन चाहन्छु, तर कसरी दिने थाहा छैन।" यसको जवाफ तपाईंले कसरी दिनुहुन्छ?

## ५. भित्र र बाहिर (१ सामूयल २५:४१)

हामीहरूमा धेरै जसोले सकारत्मक आलोचना ग्रहण गर्न गाऱ्हो भएको पाउँछौं। तर दाउदले यो पचाउन सके। अबीगेलको वचनहरूबाट परमेश्वरको काम उनले देखे। आफ्नो रिसको झोंकको परिणाम के हुनेरहेछ भनेर अबीगेलका शव्दहरूबाट दाउदले बुझे। भयङ्कर मुठभेट रोक्न परमेश्वरले अबीगेललाई प्रयोग गर्नुभएकोमा उहाँप्रति उनी आभारित भए। दाउदसँगको सफल शान्तिसम्झौतापछि अबीगेल घर फर्किन्छिन्। आफ्नो श्रीमान मात्तिएर बसेकोले दाउदसँग भएको बृतान्त सुन्न ऊ तयार थिएन भन्ने कुरा उनले बुझिन्। त्यसकारण रक्सीको मात सकिएपछि कुरा गरौंला भनेर बुद्धिमानसाथ भोलीपल्टसम्म कुरिन्।

जब अवीगेलले भोलिपल्ट आफू र दाउदसँग भएको भेटको बारेमा कुरा गर्छिन् त उसको सातोपुत्लो जान्छ। यहि डरले उसलाई पक्षाघात भएको हुनसक्छ। त्यसको दस दिनपछि उसको मृत्यु हुन्छ। यो कुरा दाउदले थाहा पाउँछ। उनले अबीगेललाई बिर्सेको थिएन र मानिसहरू पठाएर आफूसँग बिवाहको प्रस्ताव राख्छ।

अबीगेलले जब यो प्रस्ताव सुन्छिन् तब भावुक भएर आफ्नो प्रतिक्रिया यसरी व्यक्त गर्छिन्ः “तिनी उठिन् र भूईंमा घोप्टो परी दण्डवत परेर भनिन्, ‘म उहाँको आज्ञापालन गर्ने र मेरा हजूरका सेवकहरूका खुट्टा धुने उहाँको दासी हुँ।’" १ सामूयल २५:४१। उनले व्यक्त गरेका यी अन्तिम भावनहरूले उनको बारेमा हामीलाई के भन्छ? बाइबलमा अबीगेलको उदाहरणलाई पछ्याउने अरू व्यक्तित्वहरू के तपाईंलाई थाहा छ?

अबीगेल समाजका प्रतिस्थित व्यक्ति थिइन्। उनको पाँच जना महिला सेवकहरू थिए। तैपनि उनी आफैले सेवा गर्न राजी भएको तत्परता देखाइन्। सयौं वर्षपछि येशूले भन्नुभएको थियो, “मानिसको पुत्र जस्तै होऊ। उनी सेवा पाउन आएनन्। बरू अरूको सेवा गर्न आए।" (मत्ती २०:२८ रूपान्तरित)।

दाउदसँग बिवाह गरेपछि पनि, अबीगेलको जीवन कहानी दन्त्यकथा भन्दा कम थिएन। त्यसबेलाको चलन अनुसार दाउदका धेरै श्रीमतीहरू भएका थिए। मानिसमा हुनुपर्ने परमेश्वरको आदर्श चाहना

पारिवारिक जीवनलाई उहाँले हेर्नुभएको थिएन। अबीगेल दाउदको दोश्रो पत्नी भएकी थिइन। उनको प्रथम श्रीमती राजा सावलको छोरी थिई। सावलबाट भुमिगत हुनुपर्दा दाउदले आफ्नो घर त्याग्नुपरेको थियो। अबीगेललाई यो थाहा थियो, भुमिगत जीवन बिताएका दाउदको पत्नी हुँदा आफूपनि राजा सावलबाट भागिरहनुपर्दछ। जिकलाग भन्ने शहरमा अबीगेल र उनका परिवारहरूलाई अमेलकिहरूले अपहरण गरेका थिए। पछि तिनीहरूलाई छुटाइयो। यहि घट्ना पछि अबीगेल बाइबलको कथाबाट उनी हराउँछिन्। यस सुन्दरी र बुद्धीले सिङ्गारिएकी अबीगेल दाउद राजा भएपछि उनी रानी बनिन् भन्ने कुरालाई हामी अपेक्षा गर्छौं होला। दाउदको राज्यकालमा उनले अत्यन्त महत्वपूर्ण भूमिका खेलिन् भनेर हामी थाहा पाउन चाहौंला। तर दाउद राजा भएपछि उनको बारेमा मौन भएको हामी देख्छौं। हामीलाई यति थाहा छ, उनको दानियल (१ इतिहास ३:१) वा शिलाब (२ सामूयल ३:३) भनेर नाउँ कहालाएको छोरा थिए। जन्मको आधारमा अबीगेलको छोरा दाउद पछि राजा हुने हक थियो। तर उनको छोरा पनि राजा दाउदको इतिहासको दृष्यबाट हराउँछन्। अबीगेल र उनको छोरा हिंसामा मारिएका थिए भनेर कतिपय बाइबलका विद्वानहरूले अनुमान गर्दछन्। दाउदका पछिका कतिपय जेठा छोराहरू असाध्य नराम्रा चरित्र भएका थिए। तिनीहरू हत्यारा, विद्रोही र बलात्कारी थिए। यहि कुरालाई मध्य नजरमा राख्दा अबीगेल र उनको छोराको मृत्यु अकालमै भएको हुनुसक्छ।

येशूका भक्तहरू भएका हुनाले हाम्रो जीवन दन्त्यकथा जस्तै सधैं हुनुपर्छ भन्ने छैन। हाम्रो सुरू र अन्तको बारेमा परमेश्वरलाई थाहा छ। हाम्रो जीवनमा जे हुन्छ सबै कुरा असोचनिय हुन सक्छ वा यो किन भयो होला भनी अकमकिन पनि सकिन्छ। तर यदि हामी अर्थपूर्ण जीवन बिताउन चाहन्छौं भने परमेश्वरको हितमा हामी भर पर्नुको अरु कुनै विकल्प नै छैन।

अरूको अघि नम्र भएर शीर झुकाउनु त्यत्ति सजिलो छैन। यसको अर्थ अरूलाई आत्मसमर्पण गर्नु हो र परमेश्वरमा पूरा भरोसा राख्नु हो। आफ्नो अहँलाई त्यागेर अरूको अगाडि झुक्नु तपाईंलाई कतिको सजिलो छ? आवश्यक परेको बेलामा नम्र हुनुपर्छ भनेर तपाईंले

कसरी सिक्ने? अरूको सर्वोपरी हितको निम्ती झुक्नुपर्छ भन्ने येशूको आदर्श तथा अनुकरणीय उदाहरणबाट तपाईंले कसरी सिक्न सक्नुहुन्छ?

**उपसंहारः**

थप जानकारीः "अवीगेलले व्यक्त गरेका शव्दहरू केवल त्यस्ता खालका मानिसको ओँठबाट मात्र निस्कन सक्छन्, जोसँग परमेश्वरको ज्ञान छ। अबिगेलको शान्त, शुद्ध आत्मा मिठो बास्ना आउने फूल जस्तै हो। उनको वचनमा जे भन्नु थियो, भनियो र जे गर्नु थियो गरियो। येशूको आत्मा उनमा थियो। अबीगेलको सम्वोधन, अनुग्रह, शान्ति र दयाले भरिएको थियो। उनले व्यक्त गरेका भावनामा स्वर्गको प्रभाव थियो। जब दाउदले अबीगेलका कुरा सुने तब उनमा उत्तम विचार र इच्छा जागृत भयो। हतारमा हिँसात्मक काम गरेको भए के हुने थियो होला भनेर सोच्दा उनी थर थर काँपे। येशूले भन्नु भयोः 'शान्तिको निम्ति पहल गर्नहरू धन्यका हुन्, तिनीहरू परमेश्वरका सन्तान् कहलाइनेछन्।' मत्ती ५:९। रीसलाई थमाउन सक्ने, झोँकको सुरमा नराम्रो काम गर्न रोक्न सक्ने, र मिठा ज्ञानका कुराहरूले दुष्टकामहरू रोक्न सक्ने अबीगेल जस्ता धेरै महिलाहरू इस्रायलमा भएको भए कस्तो राम्रो हुन्थे होला ?

"जो मानिस पवित्र इसाई जीवन बिताउँछ, उसबाट हरदम, ज्योति, सान्त्वना र शान्तिको किरण अरूलाई दिइरहेको हुन्छ। शुद्ध, ज्ञानी, सरल र उपयोगी जीवनशैलीबाट सच्चा येशूभक्त भएको प्रमाण दिइरहेको हुन्छ। निश्वार्थी प्रेमको नियन्त्रणमा रहेर नै हामीले जे भन्छौं र गर्छौं त्यसमा पवित्रता झल्किरहेको हुन्छ। येशूले भरिरहेको व्यक्ति जहाँ जहाँ जान्छ त्यहाँ त्यहाँ ज्योतिका छापहरू छोडेका हुन्छन्। अवीगेल बुद्धीमती थिइन्। उनका सरसल्लाह उत्तम थिए। उनको तर्क र प्रभावको शक्तिले गर्दा दाउदको रीस मरेको थियो। आफ्नो रिसलाई बसमा राख्न नसक्दा बुद्धीको चालमा आफू नचलेको उनले महशुस गरे।

"अबीगेलको भद्र चेतावनीलाई नम्रतापूर्वक दाउदले ग्रहण गरे। उनले भने, 'यदि कोहि ठिक काम गर्ने व्यक्तिले मलाई कुटे पनि ममाथि दया नै दर्शायिको भनेर मान्थें। यदि त्यस्ता व्यक्तिले मलाई सच्याइ दियो भने, त्यो मेरो शिरमा जैतुनको तेल खन्याएको जस्तै

हुन्थ्यो।' भजन १४१:५ (रूपान्तरित)। परमेश्वरको दृष्टीमा जे थियो त्यो गर्न अबीगेलले सल्लाह दिएकोमा उनले परमेश्वरलाई आशिषको आभार व्यक्त गरे। धिरजसाथ कसैले आलोचना वा सच्चाइ लिन सक्यो भने त्यो उसको निम्ति प्रशंसनिय भएको आभास पाउँछ। तर थोरैले मात्र कसैको आलोचना कृतज्ञतापूर्वक स्विकार गर्छन् र दुष्टमार्गबाट निरन्तररूपमा बचाउन खोज्नेलाई कमैले आभार व्यक्त गर्दछन्।"-एलेन जी, ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृष्ठ ६६७बाट रूपान्तरित।

**चिन्तनमननः**

१. घरेलु हिंसा वा श्रीमान श्रीमतीबिचमा हुने दुर्व्यवहार अत्यन्त समासामयीक र जटिल समस्या हो। चर्चको नाताले यस्तो क्रियाकलाप रोक्न खोज्नु हाम्रो कर्तव्य हो। त्यसैकारण सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको वार्षिक विश्व क्यालेन्डरमा अगस्ट महिनाको चौठौं हप्ताको सब्बथलाई "दुर्व्यवहार रोक दिन" भनेर छुट्याइएको छ। हाम्रा विश्वासीहरूलाई शिक्षित बनाउन र समस्याप्रति सजग रहन त्यस दिनले विशेष अवसर प्रदान गर्दछ। घरेलु हिंसाले दुःख पाइरहेकोलाई हामीले के गर्न सक्छौं?

२. "शान्तिको निम्ति पहल गर्नेहरू धन्य हुन्: तिनीहरूलाई परमेश्वरका सन्तान् कहलाइनेछन्।" (मत्ती ५:९)। यस अध्यायमा तपाईंले के सिक्नुभयो त्यो सम्झनुहोस्। शान्तिचाहनेका गुणहरू के के हुन्? हाम्रो शिद्धान्त वा दर्शनलाई नत्यागी शान्तिको लागि हामीले कसरी पहल गर्नसक्छौं?